# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :- ०८०/०८१
चलानी न :-
प्राप्त प.सं/च.नं.:-

मिति :- २०८०/०५/१९

### आन्तरिक आय ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ।
### (पुनः प्रकाशीत भएको मिति २०८०/०५/१९)

यस कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम तथा राजश्व परामर्श समितिको मिति २०८०/०५/०१ गतेको निर्णयानुसार नुम्नानुसारको आन्तरीक आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण तथा शर्तहरूको अधिनमा रही ईच्छुक नेपाली नागरिक, फर्म, व्यक्ति वा निजको प्रतिनिधिहरूले यस नगर कार्यपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसारको दरभाउ पत्र दस्तुर नेपाल बैक लिमिटेड, राजदेवी शाखाको आन्तरिक राजश्व खाता नं। २६२०३०००००१००१०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद (पछि फिर्ता नहुने) पेश गरि दरभाउ पत्र फारम खरिद गरी रीतपूर्वकको गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का विवरण | न्युन्तम कबोल अंक (मु.अ.कर वाहेक (रुपैयामा) | दरभाउ पत्र फारम दस्तुर (रुपैयामा) | धरौटी रकम (रुपैयामा) |
|---|---|---|---|---|
| १ | बागमती नदीको अर्जित राउतको घर/जग्गा देखि वडहर्वा प्रवेश द्वार नजिक रहेको दक्षिण ८ नं. स्पर सम्मको माछा ठेक्का | ३,००,०००।०० | १०००।०० | कबोल अंकको ५% |

२०८०/५/१९

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

टोल फ्रि - १६६०५५५२०११, नगर प्रमुख - ९८५५०४७२५१, उप प्रमुख - ९८५५०४७२५२, प्र.प्र.अ - ९८५५०४७२५३
वेबसाईट:- www.rajdevimun.gov.np ईमेल- rajdevimata123@gmail.com ito.rajdevimun@gmail.com

# शर्त तथा बन्देज

१. माछा ठेक्काको अवधि सम्झौता भएको मिति देखी २०८१ असार मसान्त सम्म (१ वर्षको लागी) हुनेछ।

२. ठेक्काको लागी दरभाउ पत्र फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) औं दिन (मिति २०८०/०५/२५ गते सम्म राजदेवी न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका दरभाउपत्र ८ (आठ) औं दिन (मिति २०८०/०५/२६) गते दिनको १२:०० बजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी गौरहटमा शिलबन्दी दर्ता गर्न सकिने छ।

३. दरभाउ पत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फारममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ।

५. शिलबन्दी दरभाउ पत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। दरभाउ पत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ।

६. दरभाउ पत्र दाताले दरभाउ पत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैक लिमिटेड शाखा राजदेवी स्थित २६२०३००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा १० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ।

७. दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० (दई) वजे यस कार्यालयमा सम्वन्धित कार्यालयका प्रतिनिधीहरू र दरभाउ पत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। साथै दरभाउ पत्र खोल्ने समयमा दरभाउ पत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन।

८. दरभाउ पत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५०% को हकमा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकको कम्तीमा **२०८१ असाढ महिना सम्मको** म्याद भएको परफरमेन्स बाण्ड पेश गर्नु पर्नेछ। दरभाउ पत्र दाताले कबोल गरेको सम्पुर्ण रकम बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ।

९. प्रचलित कानून अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले व्यहोर्नु पर्नेछ।

१०. दरभाउ पत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ।

११. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूजी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्द गरि प्रचलित नियमानुसार हुनेछ।

१२. ठेक्का सम्वन्धी कार्यालय तथा ठेक्कदार बीच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्वन्धीत ठेक्दारको कर्तव्य हुनेछ।

१३. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम तथा उल्लेखित नभएको व्यहोराको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत